सिमभञ्ज्याङमा ‘बोटिङ सरर’ । पृष्ठ ५ मा




# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१७, अंक-४२ ● २०८२ वैशाख २२ गते सोमबार, ● 05 May, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-


## सबै पालिकामा खानेपानी बोर्ड स्थापना गर्ने ‘कन्सेप्ट’

◆ विकास संवाददाता

प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गंगादत्त नेपालले अब स्थानीय तहमा खानेपानी व्यवस्थापन बोर्ड स्थापना गरिनुपर्ने बताएका छन् । २१ वैशाखमा हेटौंडामा खानेपानी, सरसफाई तथा स्वच्छता सुशासन सम्बन्धी कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै अब स्थानीय सरकारले पालिकाभित्र खानेपानी व्यवस्थापन बोर्ड स्थापना गरी खानेपानी तथा सरसफाइको काम गरिनुपर्ने बताए । उपभोक्ता समिति त छदैंछ अब नीति तथा कार्यक्रममा समेट्दै बोर्ड स्थापना गर्न उनले आग्रह गरे । मकवानपुर मा १० स्थानीय तहमध्ये हेटौंडा र थाहा नगरपालिकामा मात्र खानेपानी व्यवस्थापन बोर्ड गठन भएका छन् ।

आफुपनि विगतमा खानेपानी र सरसफाईको क्षेत्रमा बिताइएकाले यस क्षेत्रको विकासलाई नजिकबाट नियाल्दै आइरहेको बताए । सुरक्षित खानेपानी र सरसफाईलाई सुनिश्चिता गर्न सुरूमा पूर्ण दिशामुक्त अभियान गरिनुपर्ने उपाध्यक्ष नेपालले बताए । यस क्षेत्रमा काम गर्दा दीगोपना तर्फ उन्मुख भएर जानुपर्ने बताउँदै दीगोविकास लक्ष्य हासिल गर्ने उद्देश्यले क्रियाकलाप गरिनुपर्ने बताए । खानेपानी र सफाइको क्षेत्रमा काम गरि दीगो विकास हासिल गर्न अग्रसर रहनुपर्ने गाउँपालिका राष्ट्रिय महासंघ बागमती प्रदेश अध्यक्ष कर्णबहादुर थापामगरले बताए । अन्य विकासको कार्य संगसंगै खानेपानी, सरसफाई तथा स्वच्छतामा पनि न्यायोचित ढङ्गले काम गर्नुपर्छ, उनले भने । बागमती प्रदेश भित्र ७४ वटा गाउँपालिका रहेको छ, महासंघले खानेपानी सरसफाईको क्षेत्रमा समेत नीतिगत सहयोग र स्रोतको परिचालनमा आवश्यक पैरवी गर्दै आइरहेको छ, अध्यक्ष थापामगरले भने ।

उनले जनप्रतिनिधिहरूमा शिक्षा र क्षमता कम रहेकाले पनि कर्मचारीसँग तालमेल नमिलेको अवस्थाले जनप्रतिनिधिहरूलाई आवश्यक क्षमता अभिवृद्धिका लागि समयसापेक्ष तालिम आवश्यक रहेको बताए । संघीयता बलियो बनाउन वडा, पालिका हुँदै प्रदेशलाई बलियो बनाउनु पर्ने उनले जोड दिए । भौगोलिक विकटता सँगै चेपाङ र तामाङ समूदायको बाहुल्यता रहेको मकवानपुरका राक्सिराङ र कैलाशमा नागरिकहरूमा व्यवहार परिवर्तन ल्याउन सके सुरक्षित खानेपानी र सरसफाई क्षेत्रमा परिवर्तन ल्याउन सकिने कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले बताए । समूदायमा समूह निर्माण गरि दीगोपना कायम गर्ने गरि खानेपानी र सरसफाइको क्षेत्रमा काम भइरहेको उनले बताए । कैलाशमा आरआरएन सँग त सहकार्य जारी रहिरहेको बेला हामीले वाइन टु वाटरसँग खानेपानीको क्षेत्रमा काम गर्न सम्झौता गरिसकेका छौं, अध्यक्ष मुक्तानले भने । गाउँपालिकामा ऐन निर्माण भई कार्यान्वयनको चरणमा रहेको अवस्थामा दीगो विकास लक्ष्य २०३० पुरा गर्न तीन तहको सरकारसँगको सहकार्यमा काम गर्दै अघि बढिरहेको उनले बताए ।

राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको अध्यक्षतामा भएको दुई दिने कार्यशाला गोष्ठीमा गाउँपालिका राष्ट्रिय महासंघ बागमती प्रदेश अध्यक्ष कर्णबहादुर थापामगर, महासंघ केन्द्रीय सदस्य एंव कैलाश गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान, कैलाश गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्ल, राक्सिराङका उपाध्यक्ष बनस्तम थिङ, कैलाश गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठ, राक्सिराङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पदमबहादुर बस्नेत, खानेपानी तथा सर सफाइ उपभोक्ता राष्ट्रिय महासंघ प्रदेश अध्यक्ष बद्रीप्रसाद देवकोटा, हेटौंडा खानेपानी बोर्डका अध्यक्ष प्रताप विष्ट, आरआरएनका कार्यक्रम व्यवस्थापक निराजन पोखरेल, डब्लुडब्लुएचका वास विज्ञ विजु डंगोल, गाउँपालिका राष्ट्रिय महासंघका समन्वय अधिकृत रूपेश दुलाल,आरआरएनका जिल्ला संयोजक लिलबहादुर कार्कीको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा राक्सिराङ र कैलाश गाउँपालिकाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, शाखा प्रमुखहरूको सहभागिता रहेको छ । उक्त कार्यक्रम नेपाल ग्रामीण पुनर्निर्माण संस्था.(आरआरएन) र वेल्ट हंगर हिल्फे(डब्लुएचएच)को संयुक्त आयोजनामा गोष्ठी सञ्चालन भएको हो ।

## माओवादी थाहानगर अध्यक्षमा लामा

### सचिवालय र वडा इन्चार्जहरू पनि तोकिए

विकास संवाददाता
थाहानगर

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) थाहानगर कमिटिले अधिवेशन भएको करिब ४ महिनापछि नयाँ नेतृत्व पाएको छ । १९ पुसमा भएको माओवादी केन्द्रको दोस्रो नगर अधिवेशनले अध्यक्ष चुन्न नसकेपछि धकेलिँदै जाँदा १५ वैशाखमा कमिटिले पूर्णता पाएको हो । यद्यपि चार महिना अघिको अधिवेशनले नगर सदस्यहरू भने चुनेको थियो । अधिवेशनबाट चुनिएका सदस्यमध्येबाट पदाअधिकारी चुन्नुपर्ने माओवादीको विधान छ ।

अधिवेशनका क्रममा नगर अध्यक्ष पदमा बिनोद कुमार लामा, सुमन कार्की, नवराज विष्ट, प्रमोद गोपाली, दिपक लामा, लक्ष्मण विष्ट र गुमानसिंह मोक्तान आकांक्षी थिए । आकांक्षीहरूबीच निरन्तरको छलफल तथा सहमतीको प्रयासपछि अध्यक्ष पदमा पुनः बिनोद कुमार लामा नै सर्वसम्मत निर्वाचित भएका छन् । अध्यक्ष लामा दोस्रो पटक अध्यक्ष पदमा निर्वाचित भएका हुन् । उनी यसअघि २०७८ सालको २९ माघमा सम्पन्न पार्टीको प्रथम अधिवेशनमा पनि अरूण रायमाझीलाई पराजित गर्दै नगर अध्यक्ष पदमा निर्वाचित भएका थिए ।

माओवादी थाहानगर कमिटिको उपाध्यक्षहरूमा प्रमोद गोपाली, दिपेन्द्र कुमार थिङ तथा जयराम जोशी सर्वसम्मत निर्वाचित भएका छन् । त्यस्तै सचिवमा लक्ष्मण विष्ट, कोषाध्यक्षमा मंगल बहादुर मुक्तान, सहसचिवद्वयमा जमिन दियाली र अनिता बल तथा अन्य सदस्यहरू निर्वाचित भएका छन् । यसअघि १९ पुसमा भएको माओवादीको प्रथम नगर अधिवेशनले नगर कमिटिमा ५१ सदस्य चुनेको थियो । १५ वैशाखमा नगर अध्यक्षसहित माओवादी थाहानगरले पदाअधिकारीहरू, सचिवालय, विभाग तथा वडा इन्चार्जहरू पनि तोकेको छ ।

माओवादी थाहानगर कमिटिले दश सदस्यीय सचिवालय बनाएको छ । सचिवालयमा राजीवकुमार स्याङ्तान, ओमकर विष्ट, राधिका रायमाझी, मनोज अधिकारी, इमान थिङ, रूपचन्द्र सापकोटा, कान्छा लामा, रमेश थापा मगर, यादवजंग रायमाझी र नरेश घलान



चुनिएका छन् । त्यस्तै स्कूल विभागमा राजीव कुमार स्याङ्तान र आर्थिक विभागमा मंगल बहादुर तामाङ चयन भएका छन् ।

१५ वैशाखको कार्यक्रमबाट थाहा नगरपालिकाको १२ वटै वडाहरूमा इन्चार्ज पनि तोकिएका छन् । वडा नम्बर १ मा सरोज प्रधान, २ नम्बर वडा इन्चार्जमा युवराज विष्ट, ३ नम्बर वडा इन्चार्जमा राजकुमार कार्की, ४ नम्बर वडामा यादवजंग रायमाझी, ५ नम्बर वडा इन्चार्जमा बिनोद लामा, ६ नम्बर वडामा प्रमोद गोपाली, ७ नम्बर वडामा दिपेन्द्र कुमार थिङ, ८ नम्बर वडामा रूपचन्द्र सापकोटा, ९ नम्बर वडामा जयराम जोशी, १० नम्बर वडा रमेश मगर, ११ नम्बर वडा इन्चार्ज मंगल बहादुर मोक्तान र १२ नम्बर वडा इन्चार्जमा नरेश घलान चयन भएका छन् ।







विकास खबरपत्रिका साप्ताहिक www.bikaskhabar.com प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-५ सम्पर्क नं. ९८०७५३३००
२०८२ वैशाख २२ गते सोमबार, 05 May, 2025, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



# • सम्पादकीय •

## गुणस्तरीय शिक्षा आजको आवश्यकता

शिक्षित व्यक्ति र जनशक्तिको पूर्ण परिचालनबाट मात्र कुनै पनि राष्ट्र र समाजको सम्पूर्ण उन्नति प्रगति सम्भव हुन्छ । आजको युग ज्ञान र प्रविधिको युग मानिन्छ प्राविधिक ज्ञान हासिल गर्नु आजको समयमा अपरिहार्य नै भइसकेको छ । यस कारण पनि हरेक राष्ट्रले आफ्नो कुल बजेटको सबैभन्दा बढी अंश शिक्षामा खर्च गर्नु पर्ने देखिन्छ । नेपाल सरकारले विकास वजेटको अनुपातमा नै शिक्षामा खर्च गर्दै आइरहेको छ । तर यसबाट सोचे अनुसारको प्रतिफल प्राप्त गर्न सकिरहेको भने छैन । शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाई विश्वबजारमा प्रतिश्पर्धा गर्ने उद्देश्यबाट प्रोरित भइ त्यस्ता रकमहरु शिक्षा मन्त्रालय र शिक्षासंग सम्वन्धित विभिन्न स्थानीय तहका कार्यालयहरुको मातहत तथा सहकार्यमा शैक्षिक गुणस्तर वृद्धि सम्बन्धि कार्यक्रमहरु सञ्चालनमा आएका छन् । त्यस्ता कार्यक्रमहरु कतिपय शिक्षकहरु सग सम्बन्धित छन भने कयौं विद्यार्थीहरुसग प्रत्यक्ष रुपमा जोडिएर गुणस्तरीय शिक्षा प्राप्त गर्न अभिप्रेरीत गरि रहेको छ ।गुणस्तरीय शिक्षा भन्नाले काम लाग्ने र जीवन उपयोगी शिक्षा भन्ने बुझिन्छ । शिक्षा किताबसंग मात्र सिमित रहनु हुदैन यसले त ब्यक्ति, समाज र राष्ट्रको अपेक्षा पुरा गर्नु पर्दछ । तोकिएको पाठ्यक्रम भन्दा ब्यापक र बृहत्त हुनु पर्दछ । असल र गुणस्तरीय शिक्षा लिनू विद्यार्थीहरुका लागि फलामको चिउरा चपाउनु जत्तिकै मुस्किल भइरहेको छ । कडा परिश्रम र मिहेनत बिना लर्तरो तयारीले असल ज्ञान प्राप्त गर्छु भन्नु असम्भवनै देखिन्छ । राम्रो ज्ञान हासिल गर्नु छ भने डटेर अध्ययनको साधनामा लाग्नु पर्दछ । सानो–तिनो ज्ञान प्राप्तिले समाजलाई बदल्न असम्भव नै हुन्छ । राम्रो शिक्षा वा ज्ञान प्राप्त गर्न पढ्दै, लेख्दै गरी विषयलाई बुझ्ने प्रयत्न गर्दा त्यो शिक्षा दीर्घकालीन रहन्छ । भविष्यमा समाजको परिवर्तन र विकासमा उल्लेखनीय योगदान पुर्याउनु छ भने असल शिक्षा लिन अभिरूचि, लगाव र झुकाव हुनुपर्दछ ।

विद्यार्थीहरुलाई पाठ्यक्रममा मात्र लगाम लगाउनुको साटो उनीहरुको ब्यवहार, सोचाई, स्वभाव र सृजनात्मकतामा सकारात्मक परिवर्तन ल्याइ जीवन उपयोगी नैतिक र व्यावसायिक शिक्षा दिनुनै गुणस्तरीय शिक्षाहो भन्न सकिन्छ । तर, नेपालको परिप्रेक्षमा हेर्ने हो भने यहाँका अधिकांश विद्यालयहरुबाट दिइने शिक्षा गुणस्तरी छ भन्ने अवस्था छैन । असल शिक्षा एउटा प्रतिस्पर्धाको परीक्षा हो । यो जहीँ कहीँ नमिल्न सक्छ । त्यसैले आफ्नो क्षमतालाई बुझेर दक्ष ज्ञान हासिल गर्न लागि पर्नु पर्दछ । जुन आफ्नो जीवन र समाजको विकासका लागि प्रयोगमा आउन सकोस् । राम्रो शिक्षाको प्रकृति सधैँ रचनात्मक हुन्छ । यसले भविष्य निर्माणमा अग्रसर गराउँछ । यस्तो शिक्षाको फल समाजले पनि प्राप्त गर्न सक्छ । सामाजिक मुद्दाका बारेमा राम्रो आदत राख्न जागरूक र बढवा दिन्छ । उचित शिक्षा बिना एक व्यक्ति आफ्नो जीवनका सबै शैक्षिक लाभबाट वञ्चित रहनु समाज विकासका लागि घाटा नै हुन्छ ।

असल शिक्षा वा ज्ञान व्यक्ति र समाजको विकासका लागि आवश्यक छ । असल शिक्षा र ज्ञानको माध्यमबाट एउटा व्यक्तिलाई गुणी बनाउनु भनेको समाज विकासका लागि असल पृष्ठभूमि तयार गर्नु हो । समग्रमा भन्नुपर्दा हाम्रो शिक्षा व्यक्तिको व्यक्तित्व विकासका साथै समाजको उन्नति, प्रगति, परिवर्तन र विकाससँग जोडिएको हुनुपर्दछ । शिक्षाबाट व्यक्तिको व्यक्तित्व, समाज र राष्ट्रको आवश्यकतालाई पूर्ण गर्न सक्ने ज्ञान प्रदान गराउनु पर्छ । व्यक्तित्व विकास र मानसिक विकास प्रदान गर्दै राम्रो र कुशल जीवनका लागि असल शिक्षा आवश्यक पर्दछ ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# अर्थतन्त्रको दिगो विकासमा विद्यमान चुनौती



◆ राजनकुमार झा

नेपाल राष्ट्र बैंक र राष्ट्रिय तथ्यांक कार्यालयले हालै सार्वजनिक गरेका प्रतिवेदनले केही सकारात्मक संकेत दिए पनि दिगो विकासका लागि विद्यमान् चुनौतीलाई पनि औंल्याएका छन् । राष्ट्र बैंकको प्रतिवेदन अनुसार वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.७५ प्रतिशत छ । यसलाई समग्रमा सकारात्मक मान्न सकिन्छ । वाह्य क्षेत्रमा वस्तु निर्यात ५७.२ प्रतिशतले वृद्धि भई १ खर्ब ५८ अर्ब १७ करोड पुगेको छ । यो वृद्धिले विदेशी मुद्रा आर्जनमा सकारात्मक योगदान पुर्‍याउँछ ।

तर, आयात पनि ११.२ प्रतिशतले बढेर ११ खर्ब ४५ अर्ब ५७ करोड पुगेको छ। यसले व्यापार घाटाको निरन्तरता दर्शाउँछ, जुन दिगो आर्थिक विकासका लागि चुनौतीका रूपमा छ । विप्रेषण आप्रवाह ९.४ प्रतिशतले बढेर १० खर्ब ५१ अर्ब ७७ करोड पुगेको छ, जसले विदेशी मुद्रा सञ्चिति बढाएको छ र अर्थतन्त्रलाई केही हदसम्म स्थिर राख्न मद्दत गरेको छ । तर, अर्थतन्त्रलाई विप्रेषणमा मात्र निर्भर राख्नु दीर्घकालीन समाधान भने पक्कै पनि होइन । राष्ट्रिय तथ्यांक कार्यालयको प्रतिवेदनले आर्थिक वृद्धिदर विश्लेषण गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धिदर ४.६१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ, जुन २०७९/८१ को ३.६७ प्रतिशतको संशोधित अनुमानभन्दा बढी हो । यो सुधारको संकेत हो, तर २०७३/७४ को उच्च वृद्धिदर (८.२९ प्रतिशत) भन्दा अझै कम छ, जसले उच्च आर्थिक वृद्धिको सम्भावना उजागर गर्दछ ।

क्षेत्रगत रूपमा हेर्दा सेवा क्षेत्रले कुल गार्हस्थ (जीडीपी) मा सबैभन्दा ठूलो योगदान (६२ प्रतिशत) दिएको छ, जबकि कृषि क्षेत्रको योगदान घट्दो (२५.६ प्रतिशत) छ र औद्योगिक क्षेत्रको योगदान सीमित (१२.४ प्रतिशत) छ । यसले अर्थतन्त्रको संरचनामा परिवर्तनको आवश्यकता दर्शाउँछ, जहाँ कृषि र उद्योग क्षेत्रको विकासलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । यसरी, अर्थतन्त्रमा केही सकारात्मक प्रवृत्तिहरू देखिएका छन् । तर, दिगो र समावेशी विकासका लागि नीतिगत चुनौतीहरू पनि उत्तिकै छन् । मुद्रास्फीतिलाई नियन्त्रणमा राख्ने, व्यापार घाटा कम गर्ने, कृषि क्षेत्रको उत्पादकत्व बढाउने, औद्योगिक क्षेत्रको विकास गर्ने, र सेवा क्षेत्रलाई थप प्रतिस्पर्धी बनाउने जस्ता कुराहरूमा ध्यान दिन आवश्यक छ । सुधारको गति र दिगोपन सुनिश्चित गर्न थप सतर्कता, संरचनात्मक सुधार र रणनीतिक कदम चाल्नुपर्ने देखिन्छ ।

### उपभोगको दबदबा र स्रोत दुरूपयोग

नेपालको अर्थतन्त्रको एउटा रोचक चित्र छ– यहाँ कमाएको झन्डै ९३ प्रतिशत दैनिक उपभोगमै सकिन्छ । यसले देखाउँछ, हाम्रो अर्थतन्त्र कति धेरै उपभोगमा निर्भर छ । अर्कातिर, विदेशमा पसिना बगाएर कमाएको रेमिट्यान्स हाम्रो अर्थतन्त्रको बलियो खम्बा हो, तर एउटा कुरा विचार गर्नुपर्ने छ– हामी यसमा यति धेरै निर्भर छौं कि बाहिरबाट आउने सानो झट्काले पनि हाम्रो अर्थतन्त्रलाई सजिलै कमजोर बनाउन सक्छ । यसले आफ्नै देशमा सामान उत्पादन गर्ने र नयाँ अवसर सिर्जना गर्ने प्रयासलाई पनि कतै छायामा पारिरहेको छ कि ? त्यसैले यदि हामी साँच्चै बलियो र दिगो अर्थतन्त्र बनाउन चाहन्छौं भने यो उपभोगमुखी चक्र तोडेर आफ्नै उत्पादन बढाउन र रोजगारीका नयाँ क्षेत्र सिर्जना गर्न लाग्नुपर्छ । सरकारले पनि यस्ता योजना ल्याउनुपर्छ, जसले विदेशबाट आएको पैसालाई उद्योगधन्दा र कलकारखानामा लगानी गर्न प्रोत्साहन गरोस् । साथै, वैदेशिक रोजगारी सुरक्षित बनाउँदै, सकेसम्म धेरै रेमिट्यान्स औपचारिक माध्यमबाट भित्र्याउने वातावरण बनाउनु पनि उत्तिकै जरूरी छ ।

हाम्रो अर्थतन्त्र विभिन्न स्रोत आफ्नै कर, वैदेशिक ऋण, सहयोग र रेमिट्यान्सको जगमा उभिएको छ । तर विडम्बना, यी महत्त्वपूर्ण स्रोत सदुपयोग हुन सकिरहेको छैन । देशको भविष्य निर्माण गर्ने शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विकासजस्ता क्षेत्रमा लगानी गर्नुपर्ने रकम आज नेताका नजिकका मान्छेहरूको पालनपोषण, पूर्वविशिष्ट व्यक्तिहरूलाई अनावश्यक सुविधा प्रदान गर्न र मनोमानी ढंगले बाँडिने उपचार खर्चमा सकिँदैछ । त्यतिमात्र होइन, संघीयताको अनावश्यक संरचना र वर्षौंदेखि घाटामा चलिरहेका सरकारी संस्थानहरू पनि राज्यकोषको भार बनिरहेका छन् । यसरी सार्वजनिक धन दुरूपयोग भइरहँदा हाम्रो देशले कसरी प्रगति गर्न सक्छ र विकासको सपना कसरी साकार हुन सक्छ र ? अब सरकारले गम्भीर भएर सोच्नैपर्छ । राज्यको हरेक खर्च पारदर्शी हुनुपर्छ र भ्रष्टाचार गर्ने जो कोहीलाई पनि कठोर दण्ड दिनुपर्छ । हामीले अहिलेदेखि नै सार्वजनिक स्रोतको सही व्यवस्थापन गर्न सकेनौं भने विकासका हाम्रा सुन्दर सपना अधुरै रहनेछन् र जनताको सरकारप्रतिको विश्वास पनि निरन्तर घट्दै जाने छ ।

### सार्वजनिक ऋणको बढ्दो बोझ र अनौपचारिक अर्थतन्त्र विस्तार

ऋण हाम्रो राष्ट्रिय अर्थतन्त्रको एउटा नियमित प्रक्रिया जस्तै बन्न थालेको छ । नेपाल सार्वजनिक ऋणको गहिरो दलदलमा फस्दै गएको छ, र यसको भार हरेक नेपालीको थाप्लोमा चुपचाप थपिइरहेको छ । चैत २०८२ सम्मको तथ्यांकले देखाउँछ– देशको कुल सार्वजनिक ऋण २६ खर्ब ८० अर्ब रूपैयाँ नाघेको छ । अर्थात्, आजको दिनमा हरेक नेपालीको भागमा औसत ९० हजार रूपैयाँ ऋण छ । यो केवल तथ्यांकको खेल होइन, यो त हाम्रो भविष्यमाथि थोपरिएको आर्थिक बोझको स्पष्ट संकेत हो । यो कहालीलाग्दो अवस्था आउनुका मुख्य कारण पनि हाम्रै कमजोरी हुन्– बेलगाम चालु खर्च, कछुवाको गतिमा हिँड्ने विकास योजनाहरू र संघीयताको नाममा सिर्जना गरिएका अनावश्यक र महँगो संरचना त्यसमाथि विदेशी ऋण लिँदा कमजोर नेपाली रूपैयाँले ऋणको भारलाई झनै गह्रौं बनाउँछ, जसको असर दीर्घकालसम्म रहने छ । यही सोच र हिरह्यो भने आउने वर्षहरूमा सरकारको सबैभन्दा ठूलो चुनौती विकास र जनतामुखी काममा लगानी गर्ने क्षमता जोगाउनु हुनेछ ।

नेपाली अर्थतन्त्रको एउटा चिन्ताजनक पक्ष अनौपचारिक क्षेत्रको बढ्दो प्रभाव हो । देख्दा सामान्य लागे पनि यसले हाम्रो अर्थतन्त्रलाई भित्रभित्रै खोक्रो बनाइरहेको छ । धेरैजसो कारोबार कर प्रणालीबाट बाहिर रहँदा सरकारको राजस्व संकलनमा ठूलो चुनौती देखिएको छ । परिणामस्वरूप आवश्यक खर्च धान्न सरकारले ऋणको भर पर्नुपर्ने अवस्था आइरहेको छ । एफएटीएफले नेपाललाई 'ग्रे लिस्ट' मा राख्नुको एक प्रमुख कारण यही अनौपचारिक अर्थतन्त्र हो जसले पारदर्शिता, जवाफदेहिता र औपचारिक वित्तीय प्रणाली विकासमा गम्भीर अवरोध पुर्‍याइरहेको छ । यो समस्या समाधान गर्न राज्यले साहसी र दुरदर्शी कदम चाल्नुपर्ने आवश्यकता देखिन्छ ।

### संघीयताको चुनौती र सुधारको आवश्यकता

संघीयताले सिर्जना गरेको वित्तीय भार, कार्यक्षमता र औचित्यमाथि प्रश्न उठेको छ । तीन तहको सरकारको दोहोरिएको प्रशासनिक संरचना र सीमित स्रोतमा अत्यधिक खर्चले यसको दिगोपनमाथि गम्भीर आशंका जन्माएको छ ।


यस प्रणालीको अर्को विडम्बना हरेक तहको नेतृत्वमा अक्षम व्यक्तिहरू पुग्नु हो । अनुभवहीन र अयोग्य व्यक्तिहरूले नेतृत्व गर्दा कर्मचारीतन्त्रको मनोबल खस्किएको छ । ज्येष्ठहरू कनिष्ठहरूको मातहतमा काम गर्न बाध्य छन् । कतिपय स्थानीय तहका प्रमुखहरू भ्रष्टाचारको पर्याय बनेका छन् । सरकारका हरेक तहको नेतृत्वका लागि निश्चित योग्यता र क्षमताको मापदण्ड निर्धारण गरिएन भने यो 'बाँदरको हातमा नरिवल' जस्तै हुनेछ । नेपालको व्यावसायिक परिदृश्यमा उल्लेखनीय सुधारका लागि राजनीतिक स्थिरता अपरिहार्य मात्र होइन, लगानीको सुरक्षा प्रत्याभूति र व्यवसाय सञ्चालनका लागि अनुकूल वातावरण निर्माण नभएसम्म यो क्षेत्रले अपेक्षित गति लिन सक्दैन । निजी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको बलियो खम्बाका रूपमा लिनुपर्नेमा कपोलकल्पित भाष्य निर्माण गरेर खलपात्रका रूपमा प्रस्तुत गर्ने गरिएको छ । यो समृद्धि उन्मुख अर्थतन्त्रका लागि दुर्भाग्यपूर्ण हो । सरकारले निजी क्षेत्रलाई प्रोत्साहन नगरेसम्म राजनीतिक भाषणबाजीले मात्र सकारात्मक परिणाम ल्याउन सक्दैन । निजी क्षेत्रका दण्डनीय कृत्यहरूलाई नजरअन्दाज गरिनुपर्छ

बाँकी पेज ३ मा

# कतिपय कोठी क्यान्सर पनि हुनसक्छ

हाम्रो छालामा देखिने साना-गाढा खालका दाग वा उठेका धब्बाहरूलाई सामान्यतया कोठी भनिन्छ, जसलाई चिकित्सकीय भाषामा नेभस भनिन्छ । अधिकांश कोठीहरू जन्मजात वा बाल्यकालमा देखिन्छन् र यी सामान्यतया हानिरहित हुन्छन् । तर सबै कोठी सुरक्षित हुन्छन् भन्ने होइन । कतिपय अवस्थामा कोठीहरू गम्भीर छालाको क्यान्सरमा परिणत हुन सक्छन् ।

छालामा सानो कालो कोठी जस्तो देखिन्छ तर सामान्य खालको कोठी जस्तो पनि छैन ? वा एक साल अघि सम्म त्यो



त्यहाँ थिएन अहिले अचानक आयो ? वा अघिल्लो १-२ सालमा हल्का बढ्दै गएको छ ? त्यो क्यान्सर पनि हुन सक्छ र भित्र भित्रै नदेखिने गरी छालाको धेरै भाग ओगटी सकेको पनि हुन सक्छ ।

### कोठी कहिले चिन्ताजनक हुन्छ ?

सामान्य कोठीहरू प्राय : गोलो वा बाटुलो, छेउहरू स्पष्ट, एकरूप रङ्ग भएको, स्थिर आकार र बनावटका हुन्छन् । तर, निम्न विशेषता भएका कोठी असामान्य मानिन्छन् :

<u>असिमिट्री (विषम)</u>: कोठीको एक भाग अर्को भागभन्दा फरक देखिनु ।
<u>बोडर (किनारा)</u>: कोठीको किनारा अस्पष्ट, फाटिएको वा अनियमित हुनु ।
<u>कलर (रङ्ग)</u> : एउटै कोठीमा विभिन्न रङ्गहरू जस्तो खैरो, कालो, नीलो, रातो देखिनु ।
<u>डाइमिटर (आकार)</u>: ६ मिमि भन्दा ठुलो आकारको कोठी लगभग पेन्सिलको टुप्पोभन्दा ठूलो ।
<u>इभल्विङ (परिवर्तन)</u> : कोठीको आकार, रङ्ग, उचाइ, सतह परिवर्तन हुँदै जानु वा अचानक चिलाउनु, रगत आउनु वा दुख्नु । यी मध्ये कुनै एक वा धेरै लक्षण देखिएमा तत्काल छाला रोग विशेषज्ञसँग सम्पर्क गर्नु आवश्यक हुन्छ ।

### कोठीबाट हुने मेलानोमा क्यान्सर के हो ?

मेलानोमा सबैभन्दा खतरनाक प्रकारको छाला क्यान्सर हो, जुन छिटो शरीरको अन्य अंगमा फैलिन सक्छ । प्रारम्भिक अवस्थामा नै चिनेर उपचार गरेमा पूरै निको पार्न सकिन्छ । नेपालमा अझै पनि मेलानोमाको बारेमा जनचेतना कम भएकाले धेरै बिरामी ढिला गरी अस्पताल पुग्ने गरेका छन् ।

### उपचार के हुन्छ ?

यदि कुनै कोठी 'मोल' असामान्य देखिन्छ भने चिकित्सकले छाला परीक्षण गरेर आवश्यक भएमा 'बायोप्सी' छालाको टुक्रा लिएर प्रयोगशालामा परीक्षण गर्न सक्छन् । मेलानोमा पुष्टि भएमा शल्यक्रिया गरेर हटाइन्छ र अवस्था अनुसार थप उपचार जस्तै कि किमोथेरापी वा इम्युनोथेरापी पनि दिन सकिन्छ ।

### जोखिमबाट बच्न के गर्नु उपयुक्त ?

शरीरको कोठीहरू नियमित रूपमा आफैँ निरीक्षण गर्नुपर्छ । कोठीको फोटो खिचेर समयअनुसार तुलना गर्नु उपयोगी हुन्छ । अत्याधिक घाममा बस्दा छालालाई ढाक्नुपर्छ वा सनस्क्रिनको प्रयोग गरेर सुरक्षा दिनुपर्छ । कोठीमा अचानक परिवर्तन देखिएमा तुरुन्त विशेषज्ञसँग सल्लाह लिनुपर्छ ।

सामान्यजस्तै देखिने कोठी कहिलेकाहीँ खतरनाक क्यान्सरको संकेत पनि हुन सक्छ । त्यसैले कुनै पनि असामान्य परिवर्तन देखिएमा सामान्य होला भनेर लापरबाही गर्न हुँदैन । तुरून्तै छाला रोग विशेषज्ञलाई भेट्नु पर्छ । समयमै सल्लाह लिइयो भने पछि निम्तन सक्ने जोखिमबाट बच्न सकिन्छ ।

---

## अर्थतन्त्रको दिगो... . .

भनेको होइन तर कानुनसम्मत न्यायोचित व्यवहारले पक्कै पनि व्यावसायिक वातावरण थप वयस्क र सुदृढ पार्दै लाने छ । यसै सन्दर्भमा डेडिकेटेड र ट्रंक लाइनको वर्षौंदेखिको जटिल विवाद नेपालको व्यावसायिक वातावरणको अस्थिरताको ज्वलन्त उदाहरण हो ।

विद्युत प्राधिकरणले उद्योगहरूलाई उपलब्ध गराएको विद्युत् महसुललाई लिएर लामो समयदेखि विद्यमान् विवाद तत्काल समाधान गर्न सकिने विषय भए तापनि यसलाई व्यावसायिक प्रतिष्ठानहरू विरूद्ध हतियारका रूपमा प्रयोग गरिएको देखिन्छ । हामीले यस्ता थुप्रै उदाहरण देखेका छौं जहाँ ठूला व्यवसायी, जसले रोजगारीका ठूला अवसर सिर्जना गरे र सरकारी राजस्वमा महत्त्वपूर्ण योगदान पुऱ्याए, उनीहरूलाई पनि विभिन्न आरोपमा गैरव्यावसायिक ढंगले प्रस्तुत गरियो ।

लगानीमैत्री वातावरण र सुरक्षाको सुनिश्चितता भए निजी क्षेत्रले बृहत् लगानी परिचालन गर्न सक्ने क्षमता राख्दछ । राष्ट्रिय रोजगारी सिर्जना र राजस्व वृद्धिको प्रमुख आधार निजी क्षेत्र नै हो । यस प्रकारका गैरव्यावसायिक व्यवहारले नेपालको अर्थतन्त्रलाई कमजोर बनाउँदै लगेको छ । आजकालको डिजिटल जमानामा डेडिकेटेड र ट्रंक लाइनको विवाद तार्किक रूपमा समाधान नहुनु भनेको या त पूर्वाग्रही रूपमा हुन नदिनु हो र राजनीति गर्ने मेसो बनाइराख्नु हो अथवा समाधान गर्ने सक्ने क्षमता नै नहुनु हो ।

हामी वैदेशिक लगानी ल्याउने कुरा त गर्छौं, लगानी सम्मेलनहरू पनि आयोजना गर्छौं, तर देशभित्रै भएको लगानी र लगानी गर्न सक्ने मानसिकता तथा आत्मविश्वासको सुरक्षाको प्रत्याभूति दिन सकेका छैनौं । यो विरोधाभासपूर्ण अवस्थाले हाम्रो आर्थिक विकासको प्रयासमा गम्भीर प्रश्नचिह्न खडा गरेको छ । वैदेशिक लगानीमा पनि अलि सेलेक्टिभ हुनु आवश्यक देखेको छु । त्यो हो जुन क्षेत्रमा हामी नेपाली र नेपाल सरकार हातेमालो गरेर आफैं सक्षम छौं त्यसमा वैदेशिक लगानीलाई निरूत्साहित नै बनाउनु पर्छ । त्यस्ता क्षेत्र जसमा हाम्रो स्रोत र पूँजी अपर्याप्त हुन सक्छ, त्यसलाई वैदेशिक लगानीको क्षेत्रका रूपमा परिभाषित र वर्गीकरण गरिँदा यसले परिणति र समृद्धि ल्याउनेमा शंका नहुन सक्छ ।

*(लेखक अर्थतन्त्रका विविध विषयमा कलम चलाउँछन् ।)*

---

# गर्भावस्थामा ग्यास्ट्रिकले सताए, के गर्ने ?

गर्भावस्था संवेदनशील र महत्वपूर्ण अवस्था हो । यो समयमा हर्मोनको गडबडले स्वास्थ्यमा विभिन्न समस्या देखिन्छ । स्वास्थ्य समस्या देखिएमा कुनै पनि औषधि खाँदा विशेष सावधानी अपनाउनुपर्छ । 'ओभर द काउन्टर' मनलाग्दी औषधि त खानै हुँदैन । किनकि औषधिको डोजले यो समयमा अन्यबेला बढी समस्यामा पार्न सक्छ । आमालाई मात्र होइन, गर्भमा रहेको बच्चालाई समेत नकारात्मक असर पार्ने हुँदा सजग हुनैपर्छ ।

गर्भावस्थामा सबैभन्दा बढी सताउने समस्या ग्यास्ट्रिक पनि हो । ग्यास्ट्रिकले सताएपछि गर्भवती महिलालाई अब के गर्ने ? औषधि खान मिल्ने हो कि होइन, के ग्यास्ट्रिकले नै असहज गरइरहेको हो त ? जस्ता मनमा प्रश्न र चिन्ता दुवै हुन्छ ।

### गर्भावस्थामा ग्यास्ट्रिक किन हुन्छ ?

पहिलेदेखि नै ग्यास्ट्रिक भएको महिलालाई गर्भावस्थामा थप सताउँछ । पहिला यो समस्या नभए पनि हर्मोनको गडबड र भ्रूणले ठाउँ लिंदा शरीरमा बढ्ने चापका कारण ग्यास्ट्रिक हुनसक्छ ।

प्रोजेस्टोरोन हर्मोनको गडबडले आन्□मा असर पार्ने कारणले ग्यास्ट्रिक गराउन सक्छ । अर्को भनेको यो समयमा अन्ननली कमजोर भई पेटको अम्लीय पानी घाँटीमा आइरहने समस्या हुन्छ । जसकारण महिलाले अमिलो पानी मुखमा आएको अनुभव गर्छिन् । त्यस्तै, कुनै खानेकुरा र औषधिको प्रतिक्रियाले पनि यो समस्या ल्याउँछ ।

### लक्षण

छाती पोल्ने, बान्ता हुने, अमिलो डकार आउने, पेट दुख्ने वा अप्ठ्यारो अनुभव हुने र हल्का डाइरिया हुने जस्ता लक्षण हुनसक्छ ।



### ग्यास्ट्रिक देखिए उपचार के हुनसक्छ ?

यस्तो समस्या भएको २४ घण्टामै अवस्था सामान्य छ भने केही औषधि गर्नु पर्दैन । तर समस्या बढ्यो भने एक पटक देखाइरहेको चिकित्सकको परामर्श लिनु आवश्यक हुन्छ । यस्तो अवस्थामा गर्भवती महिलालाई प्रत्येक दुई घण्टामा सुपाच्य खानेकुरा खानुपर्छ । चिकित्सकले अवस्था हेरेर एन्टिएसिड औषधिको रूपमा डायजिनको झोल चलाउन सकिन्छ ।

त्यसले पनि असर नगरेमा चिकित्सकले कम साइड-इफेक्ट अन्य औषधि सिफारिस गर्न सक्छन् । तर चिकित्सकको सल्लाह विना औषधि लिन भने मिल्दैन ।

औषधिसँगै पर्याप्त मात्रामा पानी खाने, फाइबरयुक्त खानेकुरा खाने, सोडायुक्त, तारेको, मसालेदार खानेकुरामा कम गर्ने, सहज हुने खालका हलुका लुगा लगाउने र मनतातो पानीले नुहाउने गर्दा यो समस्या कम हुँदै जान सक्छ । सुपाच्य खानेकुरामा बढी जोड दिनुपर्छ । ताकि, पाचन प्रक्रियामा खानेकुरा टुक्राउन र पचाउन सहज होस् ।

### ग्यास्ट्रिकले गर्भमा रहेको बच्चामा कुनै असर पार्छ ?

ग्यास्ट्रिक भएमा महिलालाई मात्र प्रभाव पार्छ । ग्यास्ट्रिकको प्रकृति अनुसार कै लक्षण देखिन्छ । तर गर्भमा रहेको बच्चामा भने यसको नकारात्मक प्रभाव पर्दैन ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढन देउ, विवाह हैन पढन देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गारि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गारि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगारि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# राक्सिराङबासीलाई चितवन हुँदै सदरमुकाम हेटौंडा जाने बाध्यता हट्यो



◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिका-६ स्थित लोथरबाट हाङलाङ, हिलेदमार हुँदै राक्सिराङ-६ स्थित पाङ्थली जोड्ने मोटर बाटो खुलेको छ । राक्सिराङका तीन वटा वडाका बासिन्दासहित मनहरी-६ का स्थानीय मोटर बाटो खुलेपछि खुसी भएका हुन् । राक्सिराङ गाउँपालिकाको वडा नं. ६, ७ र ८ का बासिन्दाले यसअघि चितवनको भण्डाराबाट राप्ती नगरपालिकाको विभिन्न वडा हुँदै आवतजावत गर्नुपर्ने बाध्यता रहेको थियो ।

नेपाली कांग्रेस बागमती प्रदेश सभापतिसमेत रहनुभएका मकवानपुर क्षेत्र नम्बर २ (ख) का प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँको व्यक्तिगत पहलमा लोथर-पाङ्थली सडकले पूर्णता पाएसँगै राक्सिराङका तीन वटा वडाका बासिन्दाका लागि सहज यात्रा हुने भएको हो । राक्सिराङका स्थानीयहरू आफ्नै जिल्ला सदरमुकाम र गाउँपालिका कार्यालय आउनसमेत अर्को जिल्ला हुँदै आउनुपर्ने बाध्यता पनि हटेको छ ।

वि.सं. २०७४ को निर्वाचन प्रचार प्रसारको क्रममा नेता बानियाँले राक्सिराङका बासिन्दाले आफ्नै गाउँपालिका कार्यालय र जिल्ला सदरमुकाम झर्न अर्को जिल्लाको बाटो हुँदै आवतजावत गर्नुपर्ने बाध्यता हटाउन सडक विस्तार गरिने प्रतिबद्धता जनाएका थिए । सोही प्रतिबद्धताअनुरूप बानियाँले निजी एक्स्काभेटर प्रयोग गरी करिब ४ महिना लगाएर लोथर-पाङ्थली सडकको करिब ७ किलोमिटर ट्र्याक पूरा गराइएको हो । सो सडकमा मनहरी गाउँपालिकाले चालु आर्थिक वर्षमा ३० लाख रूपैयाँ बजेट विनियोजन गरी स्तरीकरणको काम गरेपछि अहिले साना सवारी सञ्चालन हुन थालेको छ । प्रदेशसभा सदस्य बानियाँसहित गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तान, नेपाली कांग्रेस बागमती प्रदेश सदस्य जानकी लामा, कांग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौला लगायतको उपस्थितिमा २० वैशाखमा सडकको उद्घाटन गरिएको थियो ।

आफ्नै कार्यकालमा मनहरी र राक्सिराङ जोड्ने सिदाम खोलामा मोटरेबल पुलसमेत हालेर सो सडकलाई स्थायित्व दिने नेता बानियाँले प्रतिबद्धता जनाए । मनहरी र राक्सिराङका जनताले भीरको बाटो बुट्यान समाएर हिँड्नुपर्ने बाध्यताको अन्त्य गर्नका लागि आफूले व्यक्तिगत रूपमा पहल गरेर लोथरबाट र ाक्सिराङको विकट भेग पुग्ने छोटो बाटो निर्माण गरिएको बानियाँले बताए ।

मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले सडकको स्तरीकरण गर्न गाउँपालिकाले ३० लाख रूपियाँ लगानी गरेको बताए । आगामी दिनमा सडकको नाला निर्माण र थप स्तरीकरण गर्न गाउँपालिकाले पनि बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाए । राक्सिराङ-६ को सिलिङ्गे, सिलाधुनी, ७ को दामराङ, घिराङ, चरिमारा र ८ नम्बर वडाको ठुलो टोड्के, सानो टोड्केलगायतका बासिन्दाले भण्डाराबाट करिब २ घण्टाको कच्ची सडकको यात्रा गर्नुपर्ने बाध्यता रहेको थियो ।

लोथरबाट नयाँ बनेको बाटोबाट पाङथली हुँदै राक्सिराङ ६ को सिलिङ्गेबाट चेपाङ राजमार्गको दुईटार पुग्न सकिन्छ भने बाङराङबाट सिलाधुनी चरिमारा गैजुराङबाट खैराङ र कैलाश गाउँपालिकाको बैकुण्ठसम्म पनि निस्कन सकिने छ ।

# वनमा आधारित उद्यमशीलता विकास गर्नुपर्ने-नेतृ उपाध्याय

◆ विकास संवाददाता



नेपाली काँग्रेसका सहमहामन्त्री तथा पूर्व जलश्रोत राज्यमन्त्री महालक्ष्मी उपाध्याय डिनाले वनमा आधारित उद्यमशीलता विकास गर्नुपर्ने बताएकी छिन् । सामुदायिक बन उपभोक्ता महासंघ थाहानगरले १६ वैशाखमा आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा उपाध्यायले वनजन्य उद्यममा जोड दिएकी हुन् । उनले मकवानपुरको वन जंगलको माटो जडिबुटी खेतीको लागि उत्तम रहेको बताउदै सामुदायिक वन उपभोक्ता महासंघले एकीकृत विकासको रूपमा लैजान सुझाव दिइन् ।

पछिल्ला वर्षहरूमा वन केन्द्रित दिगो विकासका प्रयास भएको बताउँदै नेतृ उपाध्यायले भनिन्-'वन क्षेत्रको संरक्षण सम्बर्द्धन, र दिगो व्यवस्थापनका लागि समन्वय जरूरी छ, नीतिगत सुधार, नविन प्रविधिको प्रयोग गर्दै नेपालको हरियो वन नेपालको धन बनाउन महत्वपूर्ण हुनेछ ।' वन क्षेत्रको विकास र संक्षरण तथा सम्वर्द्धन गर्दै वनबाट रोजगारी बढाउन महासंघको भूमिका महत्वपूर्ण हुने उपाध्यायको धारणा थियो ।

सामुदायिक वन उपभोक्ता महासंघ थाहानगर अध्यक्ष गणेशमान श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर १ भित्र रहेको सामुदायिक वनमा रिचार्ज पोखरी निर्माण गर्न सांसद विकास कोषबाट बजेट उपलब्ध गराइएकोमा प्रदेश सांसद लक्ष्मी श्रेष्ठ र बजेटको लागि पहल गरिदिएकोमा काँग्रेस नेतृ उपाध्यायलाई उच्च प्रशंसासहित सम्मान गरिएको थियो । सो अवसरमा थाहा नगरपालिकामा प्रमुख प्रशासकिय अधिकृतको रूपमा आएका सुरेन्द्र प्रधानलाई स्वागत गरिएको थियो ।

कार्यक्रममा सांसद लक्ष्मी श्रेष्ठ, थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, वडा नम्बर १२ का अध्यक्ष टिकाराम स्याङ्तान, हेटौंडा क्याम्पसका अध्यक्ष आनन्दराम पराजुली, परिवार नियोजन संघका जिल्ला अध्यक्ष ईश्वर पण्डित, थाहा नगरपालिका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविन बाबू अर्याल, थाहा नगरका पुर्व उपप्रमुख खड्गबहादुर गोपाली, सामुदायिक बनका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

# मनहरीमा चैतेधान परीक्षण

◆ विकास संवाददाता



कृषि विकास कार्यालयले मकवानपुरले मनहरीमा विभिन्न छ प्रजातिका चैतेधानको परीक्षण गरेको छ । कार्यालयकी सूचना अधिकारी सुरूची त्रिपाठीका अनुसार कार्यालयले उन्नत तथा स्वदेशी ‚हाइब्रिडु जात अध्ययन परीक्षण तथा प्रविधि अनुशरण कार्यक्रमअन्तर्गत मनहरीमा चैतेधान परीक्षण गरिएको हो ।

कार्यालयबाट आलु र मकै पनि परीक्षण भएको छ । कालिका नगरपालिकामा मकैको परीक्षण जारी छ भने खैरहनी नगरपालिकामा आलुको परीक्षण भइसकेको छ । मनहरीमा हर्दिनाथ हाइब्रिड १, हर्दिनाथ १, ५, चैते ५, सुक्खा २ र ३ जातको परीक्षण गरिएको हो । कुन जातको चैतेधान कति उत्पादन हुन्छ भनेर परीक्षण गरिएको जनाइएको छ । परीक्षणका क्रममा र ासायनिक मल, विषादी, प्राङ्गारिकरिक मल, विषादीको प्रयोग पनि परीक्षण गरि एको छ ।

मल विषादीसँगै पानीको प्रयोग कति गर्दा उत्पादनमा हुने परिवर्तनबारे पनि अध्ययन भएको छ । खैरहनी नगरपालिकामा चैते ५ मा नाइट्रोजन परीक्षण गरिएको छ । नाइट्रोटनको मात्राअनुसार धानमा आउने परिवर्तन अध्ययन गर्न परीक्षण गरिएको जनाइएको छ । नाइट्रोजनको प्रयोगले धानको गाँज, उचाइ र उत्पादनबारे जानकारी हुने सूचना अधिकारी त्रिपाठीले बताइन् ।

## कृषि विकास शाखाको अनुदान सम्बन्धी सूचना !

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१।१२।२५

थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर, मकवानपुरको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलका वर्षे फलफूलको बिरुवाहरु ५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यक्रम रहेकोले थाहा नगरपालिका भित्रका इच्छुक कृषक, कृषक समुह, कृषि सहकारी र कृषि फर्म हरुले यो सूचना प्रकाशित मितिले ३० दिन भित्रमा बिरुवाको माग र रकम सहित यस शाखामा सम्पर्क राख्न हुनका लागि सूचित गरिन्छ ।

तपसिलः

| सि.नं. | बिरुवाको नाम | परल मूल्य अनुमानित | अनुदानित मूल्य ५०% | कैफियत |
|---|---|---|---|---|
| १. | कागती बिजु | रु.५०/- | रु.२५ /- | दर रेट घट बढ भए दिने/लिने |
| २. | सुन्तला कलमी | रु.१२० /- | रु.६० /- | |
| ३. | एभोकाडो | रु.१०० /- | रु.५० /- | |

**आवश्यक कागजातहरू:**

१. निवेदन- १ प्रति लेटरहेडमा (अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुवैतिर देखिने गरी र इच्छुक कृषकको लागि नागरिकताको प्रतिलिपि-१ प्रति
3. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि १ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि १ प्रति ।

**अन्य जानकारीको लागिः** मो.नं. ९८४५१०३३४१/९८४५०७२२०० वा इमेलः adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

थाहा नगरपालिका
कृषि विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

### थाहाको मोहिनी कुञ्ज जैविक विविधता पार्कको अवधारणामा शुरू भयो

# सिमभञ्ज्याङमा 'बोटिङ सरर'

◆ विकास संवाददाता

मकवानपुरको सिमभन्ज्याङमा दुई दशकभन्दा अघि फुरेको 'मोहिनी कुञ्ज' जैविक विविधता पार्कको अवधारणाले आकार लिन थालेको छ । जैविक विविधता संरक्षणसहित पर्यटकहरूलाई आकर्षित गर्ने संरचनाहरू निर्माण गर्ने योजना रहेकोमा हालसम्म एउटा पर्वतीय ताल निर्माण भैसकेको छ भने अरू दुई वटा निर्माणकै चरणमा रहेको छ । यो ताल थाहा नगरपालिका वडा नम्बर ४ मा र हेको करूणभूमि सामुदायिक वन उपभोक्ता समुह क्षेत्रमा पर्दछ ।

समुन्द्री सतहबाट २४८८ मिटरको उचाईमा रहेको सिमभन्ज्याङमा एउटा ताल निर्माण सम्पन्न भएसंगै पर्यटकलाई आकर्षित गर्नका लागि बोट अर्थात डुङ्गा समेत सञ्चालनमा ल्याइएको छ । सिमभन्ज्याङको पर्वतीय तालमा १९ वैशाखमा थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले बोटिङ शुभारम्भ गरेका हुन् । सो स्थानमा चालु आर्थिक वर्ष २०८१/०८२ मै सम्पन्न गर्ने गरी अरू दुई वटा तालको समेत निर्माण कार्य भइरहेको करूणाभूमि सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष बिनोद कुमार लामाले जानकारी दिए । बोटिङ गर्ने ताल सिमभन्ज्याङ बजार नजिकै छ ।



पर्वतीय तालमा डुङ्गा सञ्चालनमा ल्याइएसँगै डुङ्गा सयरको मज्जा लिन पाइने भएको हो । सो अवसरमा नगर प्रमुख विष्टले बोटिङ सञ्चालनले पर्यटकीय गतिविधि बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । 'पोखरी थपिदैछ, अब डुङ्गा पनि थपेर पर्यटकलाई आकर्षित गर्ने योजनामा छौं'- नगर प्रमुख विष्टले भने । थाहा नगरपालिका वडा नम्बर ४ को आर्थिक सहयोगमा अहिले तालमा एउटा डुङ्गा सञ्चालनमा ल्याइएको छ । 'पर्यटकलाई आकर्षण गर्ने र अध्ययन अनुसन्धानका लागि यहाँको जैविक विविधताको प्रचार समेत गर्ने अवधारणा करूणाभूमि सामुदायिक वन उपभोक्ता समूहको हो'-अध्यक्ष लामाले भने ।

सिमभञ्ज्याङमा हेटौंडा, विरगञ्ज, चितवन, काठमाडौंलगायतका स्थानबाट गर्मी छल्नसमेत उपयुक्त हुने र पर्यटकको बसाईं लम्ब्याउने उद्देश्य राखेर तालमा डुङ्गा सञ्चालनमा ल्याइएको अध्यक्ष लामाले बताए । हेटौंडा र तराई मधेशका आन्तरिक पर्यटकका लागि गर्मीयाममा उपयुक्त स्थल हुनेछ उनले भने, 'हेटौंडालगायत तराईमा गर्मीले खपी नसक्नु छ, हामी भने यहाँ जाडोले कामिरहेका छौं ।' मोहिनी कुञ्ज जैविक विविधता पार्कको तत्कालिन पर्यटन मन्त्री लोकेन्द्र विष्ट मगरले शिलान्यास गरेका थिए । वि.सं. २०६८ सालमा डाक्टर बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा विष्ट पर्यटन तथा नागरिक उड्डयन मन्त्री थिए । त्यस समयमा केन्द्र सरकारको लगानीमा सिमन्ट र रड प्रयोग नगरी वातावरणमैत्री पोखरी निर्माण गर्ने 'कन्सेप्ट' भएपनि त्यो संभवन नभएको लामाले बताए ।

अहिले बागमती प्रदेश सरकार अन्तर्गतको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले ताल निर्माण गरिरहेको छ । ताल निर्माण पश्चात् जैविक विविधता संरक्षण, पर्यटकीय आकर्षणका साथै तल्ला बस्तीहरूका लागि 'पुर्नभरण पोखरी'को रूपमा काम गर्ने डिभिजन कार्यलय हेटौंडाको भनाइ छ । यो बहुआयामिक ताल हुनेछ ।

# मुक्ति समाज थाहानगरको अध्यक्षमा पुनः खाती चयन



◆ विकास संवाददाता

नेकपा एमाले निकट नेपाल उत्पीडित जातीय मुक्ति समाज थाहानगर कमिटीको अध्यक्षमा पुनः अशोक खाती निर्विरोध चयन भएका छन् । १८ वैशाखमा पालुङमा सम्पन्न दोस्रो नगर अधिवेशनले खातीको अध्यक्षतामा १४ सदस्यीय नगर कमिटी निर्विरोध चयन गरेको छ ।

कमिटीको उपाध्यक्षमा लक्ष्मी सुनार र कोपिला विश्वकर्मा, सचिवमा सन्दिप सुनार, उपसचिवद्वयमा रोशन सिन्चिउरी विश्वकर्मा र सृजना रोका, कोषाध्यक्षमा भक्ति परियार चयन भएका छन् । कमिटीको सदस्यहरूमा सानुमैया विक, साधुराम विक, केदार परियार, उर्मिला विक, कमल सुनार, नारायण ल्वागुन, रोशनी मिजार चयन हुनु भएको छ । खातीको सभाध्यक्षतामा सम्पन्न अधिवेशनमा मुक्ति समाज बागमती प्रदेश कमिटी उपसचिव दिपेश परियारको प्रमुख आतिथ्यतामा भएको हो ।

अधिवेशनमा प्रमुख अतिथि परियार, नेकपा एमाले जिल्ला सचिवालय सदस्य एवं मुक्ति समाज मकवानपुर ईन्चार्ज सर्मिला विश्वकर्मा, एमाले थाहा नगर अध्यक्ष सुरेन्द्रमान प्रधान, मुक्ति समाज बागमती प्रदेश सचिवालय सदस्य रमेश सिन्चिउरी विश्वकर्मा, जिल्ला अध्यक्ष गोविन्द विश्वकर्मा, जिल्ला सदस्य रमेश नेपाल, कुमार मिजारलगायतले शुभकामना दिएका थिए ।

# स्वास्थ्य शिविरमा १३९ जनाको स्वास्थ्य परीक्षण

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ का ज्येष्ठ नागरिकहरूका लागि आयोजना गरिएको निःशुल्क स्वास्थ्य शिविरमा १ सय ३९ जनाले स्वास्थ्य परीक्षण गराएका छन् । ४ नम्बर वडाको आयोजनामा दुई स्थानमा भएको निःशुल्क स्वास्थ्य शिविरमा ज्येष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गरिएको हो ।

वडा नम्बर ४ को दामन शहरी स्वास्थ्य केन्द्रमा १६ वैशाखमा आयोजित शिविरमा ५३ जना र १७ वैशाखमा किराँतेश्वर ज्येष्ठ नागरिक मिलन केन्द्र किटेनीमा भएको स्वास्थ्य शिविरमा ८६ ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गरि एको ४ नम्बर वडाध्यक्ष नारायण लामाले जानकारी दिए । शिविरमा पुगेका ज्येष्ठ नागरिकहरूको पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठानका विशेषज्ञ डाक्टर सृजना गौचन, पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका डाक्टर जोनसन बिक, डाक्टर ज्ञानेन्द्र ठाकुर, स्वास्थ्यकर्मी चिनियाँ लामाले स्वास्थ्य परीक्षण गरेका थिए ।



शिविरमा निःशुल्क औषधि समेत वितरण गरिएको थियो । स्वास्थ्य परीक्षण गराएकाहरू मध्ये १७ जना ज्येष्ठ नागरिकमा जटिल किसिमको दम रोगीलाई १९ वैशाखमा प्राथमिक स्वास्थ्य केन्द्र दोबाटोमा निःशुल्क निमोनिया विरूद्धको खोप लगाइने वडा नम्बर ४ का सचिव पाल्साङ लामाले जानकारी दिए । थाहा नगरपालिकाको ४ नम्बर वडाले वार्षिक कार्यक्रम नै तर्जुमा गरी बजेटको व्यवस्थापन सहित शिविर आयोजना गरेको वडाध्यक्ष लामाले बताए ।

स्वास्थ्य शिविरमा दम, ब्लड प्रेसर र सुगर रोगी बढि पहिचान भएको शिविरमा संलग्न प्राथमिक स्वास्थ्य केन्द्र पालुङका प्रमुख डाक्टर जोनसन विकले बताए ।


## थाहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### इन्द्रायणी चौर, मकवानपुर

## उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।





समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# राक्सिराङमा खानेपानी योजना उद्घाटन: ६५० परिवारलाई 'एक घर एक धारा'

◆ विकास संवाददाता



मकवानपुरको राक्सिराङ गाउँपालिका वडा नम्बर २ भाटीमा 'भाटी थुम्की'को लिफ्टिङ प्रणालीको शुभारम्भ गरिएको छ । भाटी थुम्की स्कीम २ खानेपानी योजना उपभोक्ता समितिले आयोजना गरेको कार्यक्रममा बागमती प्रदेश सरकार खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयका मन्त्री श्याम बहादुर खड्काले रिबन काट्नुका साथै खानेपानीको धारा खोलेर १७ वैशाखमा उद्घाटन गरेका छन् । उद्घाटन भएसंगै राक्सिराङ गाँउपालिकाको वडा नं १, २ र ३ का नागरिकले खानेपानीको सुविधा प्राप्त गर्ने भएका छन् ।

खानेपानी योजना उपभोक्ता समितिका अध्यक्ष रूद्र बहादुर पिठाकोठीको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयका मन्त्री श्याम बहादुर खड्काको प्रमुख आतिथ्यता थियो। कार्यक्रममा बोल्दै बागमती प्रदेश सरकार खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयका मन्त्री श्याम बहादुर खड्काले स्थानीय सरकार जनताको सम्पूर्ण आवश्यकता पुरा गर्न लागिपरेको बताउँदै विकास आवश्यकताका आधारमा प्राथमिकिकरण गर्दै लैजाँदा सहज हुने बताए ।

"खानेपानी जनताको मौलिक अधिकार हो र सन् २०३० सम्म बागमती प्रदेशका सबै जिल्लामा शतप्रतिशत पानी पुऱ्याउने लक्ष्य लिएका छौँ ।",उनले भने, "सरकारले पानी व्यवस्था गरिदिन्छ तर त्यसको सम्भार जनताले पनि गर्नुपर्छ ।" आफूले पाएको सुविधाहरूलाई दिगो बनाउनका निमित्त जनताले पनि हातेमालो गर्नुपर्ने उनको भनाई थियो ।

अहिले पानी वितरण कार्य सुरू हुँदा १०० वटा धारा वितरण गरिएको छ भने यसबाट राक्सीराङ गाउँपालिकाका सानोभावर, गडुवान, भाटी, थुम्की, गैरीगाउँ, गहुँबारी, केराबारी, सरकारी लगायत गाउँका लगभग ६५० घरधुरी लाभान्वित हुनेछ ।

उद्घाटन कार्यक्रममा खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयका प्रमुख सचिव मोहन कुमार शाक्य, राक्सीराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ल, मन्त्री श्याम बहादुर खड्काका राजनितिक सल्लाहकार राजेन्द्र श्रेष्ठ, खानेपानी कार्यालयका डिभिजन प्रमुख रविन श्रेष्ठ, राक्सिराङ गाँउपालिका उपाध्यक्ष बनस्तम थिङ, इन्जिनियरद्धय सुस्मिता लामिछाने र अस्विन पौडेल, राक्सिराङ गाँउपालिका–२ अध्यक्ष बुद्धराम मोक्तानलगायत उपभोक्ताहरूको सहभागिता थियो ।

# बागमती प्रदेशले उत्पादनमुखी कार्यक्रमलाई प्राथमिकता दिने

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा टुक्रे योजनाको अन्त्य गर्दै उत्पादनमुखी कार्यक्रमलाई प्राथमिकता दिने भएको छ। प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले टुक्रे योजनाले देखिने किसिमको विकास नभएकाले अब उत्पादन र प्रभावकारी योजनामा ध्यान केन्द्रित गरिने स्पष्ट पारेका छन् ।

२१ वैशाखमा अर्थ मन्त्रालयद्वारा आयोजित छलफल कार्यक्रममा बागमती प्रदेशका विभिन्न गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षहरूसँग बजेट तर्जुमा सम्बन्धी परामर्श लिइएको थियो। छलफलको प्रमुख अतिथि मन्त्री काफ्लेले कृषि उत्पादनसँग प्रत्यक्ष जोडिएका योजना आगामी बजेटको प्राथमिकतामा समेटिने बताए । "हामीले टुक्रे योजना नलिने निर्णय गरेका छौं," मन्त्री काफ्लेले भन्नुभयो, "अबको बजेट उत्पादनमुखी हुने छ, जसले प्रदेशलाई आर्थिकरूपमा सबल बनाउनेछ।" उनले आगामी जेठ ५ गतेभित्र उत्पादनमुखी कार्यक्रमहरू मन्त्रालयमा पेस गर्न आग्रह गर्दै तिनलाई बजेटमा समावेश गरिने प्रतिबद्धता जनाए ।

काफ्लेले शिक्षा, स्वास्थ्य, यातायातलगायतका क्षेत्रका योजनाहरू पनि समावेश गरिने भए तापनि दीर्घकालीन रूपान्तरणका लागि उत्पादन क्षेत्रमै जोड दिनुपर्ने धारणा राखे । उनले उत्पादन प्रवर्द्धनका लागि सरकारले पर्याप्त अनुदान व्यवस्था गर्ने उल्लेख गर्दै प्रदेश सरकार स्थानीय सरकारसँग सहकार्य गरेर अघि बढ्ने तयारीमा रहेको जानकारी दिए ।

स्वदेशी मौलिक उत्पादनको प्रबर्द्धन गरौं !

– हाम्रो मौलिक उत्पादन पहिचानमात्र होईन आय–आर्जनको स्रोत पनि हो,
– घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिबृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौं,
– स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
– हस्तकला लगायतका व्यवसाय सानो पूजमा पनि थालनी गर्न सकिन्छ,
– स्वदेशी उत्पादनबाट आत्मनिर्भर बनौं,
– आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं,
अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा–२ ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी